सभाका अध्यक्ष एवं गाउँपालिका अध्यक्ष ज्यू

सभाका सदस्यज्यूहरु ।

१.गाउँपालिकाको सम्मानित एघारौं गाउँसभा समक्ष गाउँपालिको भाविसोच एवं जनआकांक्षा समेटिएको आर्थिक वर्ष २०७९।८० को समग्र नितिलाई कार्यक्रम मार्फत कार्यान्वयनमा ल्याउन दस्तवेजको रुपमा बजेट प्रस्तुत गरिरहँदा मैले अत्यन्तै गर्वको महसुस गरेको छु । आर्थिक वर्ष २०७९।८० को बजेटले गाउँपालिकाको सामाजिक, आर्थिक, रोगजार र दिगो तथा वातावरणमैत्री पूर्वाधार विकासमा रणनैतिक महत्व राख्ने अपेक्षा राखेको छ । यस महत्वपूर्ण अवसरमा नेपालको राजनितिक परिवर्तनमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धञ्जली व्यक्त गर्दछु । राजनैतिक, सामाजिक, संस्कृतिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदरभाव प्रकट गर्दछु । स्थानीय तहको हालै सम्पन्न निर्वाचनबाट जनताको अपार माया तथा भरोसाका साथ तेमाल गाउँपालिकाको विकास र समृद्धिको नेतृत्वमा विजय गराउनु भएको छ । यस अवसरमा सम्पूर्ण गाउँबासी जनसमुदाय प्रति हार्दिक आभार एवं धन्यवाद प्रकट गर्न चाहान्छु । "**सुशासन सहितको विकास आजको आवश्यकता पूर्वाधार, शिक्षा, स्वास्थ्य र रोजगारमा हाम्रो प्राथमिकता**" भन्ने मूल नारालाई आत्मसात गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, उत्पादन, खानेपानी, दिगो पूर्वाधार निर्माण तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन कायम गरी गाउँपालिकावासीलाई परिवर्तनको प्रत्यक्ष लाभ पुर्याउन गाउँपालिका कटिवद्ध रहेको जानकारी गराउन चाहन्छु ।

३.अब म आगामी वर्ष २०७९।८० को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. उत्पादन वृद्धि र रोजगारी श्रृजना साथै वैदेशिक रोजगारीबाट फर्केका युवाहरुको उचित पहिचान गर्ने,

२. आर्थिक, सामाजिक स्थिरता तथा समष्टिगत स्थायीत्व कायम राख्ने,

३. जनचाहाना वमोजिम पूर्वाधार निर्माण गरी तिव्र र दिगो आर्थिक विकास गर्ने,

४. गाउँपालिकाद्धारा प्रदान गरिने सेवा प्रवाहमा सबै नगारिकहरुको सरल र सहज पहुँच स्थापित गर्ने ।

४. अब म आगामी वर्ष २०७९।८० को बजेटका उद्देश्य तथा प्राथामिता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

क. दिगोपूर्वाधार र उच्च आर्थिक वृद्धि र विकास आधारशीला निर्माण

ख. गुणस्तरिय उत्पादन र उत्पाकत्वमा वृद्दि,

ग. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण,

घ. शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाईमा उचित लगानी र प्रवर्द्धन,

ङ. सार्वजनिक प्रशासनको सवलिकरण र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग,

बजेटले राखेको उद्देश्य एवं प्रथामिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, छिमेकी स्थानीय तहहरुबीच समन्वय एवं साझेदारी गरिनेछ ।

विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई निति तथा बजेटका प्रथामिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने अधिकतम प्रयास गरिएको छ ।

सभाका अध्यक्ष एवं गाउँसभाका स सदस्यज्यूहरु,

५. अब म यिनै चुनौती, उद्देश्य र प्रथमिकताको आधारमा तयार गरिएको आगामी आर्थिक वर्ष २०७९।८० को कूल राजश्व, आय र व्ययको अनुमानित विवरण यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आर्थिक वर्ष २०७९।८० को अनुमानित आन्तरिक आम्दानी तर्फ

| क्र स | शिर्षक | आ व २०७८।०७९ को अनुमानित | आ व २०७९।८० को अनुमानित | कैफियत |
|---|---|---|---|---|
| १ | सिफारिस दस्तुर | ५००००० | ६००००० | ६ लाख |
| २ | नाता प्रमाणित | ६०००० | १००००० | १ लाख |
| ३ | घटना दर्ता दस्तुर | ३००००० | ६००००० | ६ लाख |
| ४ | व्यवसायिक रजिस्ट्रेशन दस्तुर | ४००००० | १५०००० | १ लाख ५० हजार |
| ५ | अन्य प्रशासनिक कर | ५००००० | १००००० | १ लाख |
| ६ | अन्य कर | ५००००० | ५००००० | ५ लाख |
| ७ | घर वहाल कर | १००००० | १००००० | १ लाख |
| ८ | कृषिजन्य उत्पादनन विक्रिवाट प्राप्त | ६००००० | ५००००० | ५ लाख |
| ९ | एकिकृत सम्पति कर | २००००० | १००००० | १ लाख |
| १० | मालपोत कर | १५००००० | २०००००० | २० लाख |
| ११ | पर्यटन शुल्क | ० | १००००० | १ लाख |
| १२ | व्यवसाय कर | २००००० | ५००००० | ५ लाख |
| १३ | वेरुजु | २०००००० | २००००० | २ लाख |
| | **जम्मा** | **६८६००००** | **५५०००००** | **५५ लाख** |
| | **दहत्तर बहत्तर शुल्क तर्फ** | | | |
| १ | रोशी क्षेत्र तथा कोशि क्षेत्र खनिजन्य विक्रि शुल्क | ५२२०००० | ५२००००० | ५२ लाख |
| २ | चुखा बेशि, ब्लेन्दे बगार,चिउरी आँप बगार | १७९२०००० | १२५००००० | १ करोड २५ लाख |
| | **जम्मा** | **२३१४००००** | **१७७०००००** | |
| | **कूल जम्मा आन्तरिक आम्दानी रु** | **३००००००००** | **२३५५००००** | **जम्मा २ करोड ३५ लाख ५० हजार** |

**आगामी आ.व. २०७९।८० को आय तथा व्ययको विवरण**

**<u>आय तर्फः</u>**

| **क्र.स.** | **आय शीर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान (संघिय सरकार) | १०२४००००००.०० | १० करोड २४ लाख |
| २ | राजस्व बाँडफाँड | ८२८४४०००.०० | ८ करोड २८ लाख ४४ हजार |
| ३ | सर्शत अनुदान | २००३०००००.०० | २० करोड ३ लाख |
| ४ | वित्तिय समानीकरण अनुदान (प्रदेश सरकार) | ९१५९०००.०० | ९ करोड १५ लाख ९ हजार |
| | सर्शत अनुदान | २२५६००००.०० | २ करोड २५ लाख ६० हजार |
| | समपुरक अनुदान | १८७४८०००.०० | १ करोड ८७ लाख ४८ हजार |
| | सवारी साधन कर बाँडफाँड | १९९५३०००.०० | १ करोड ९९ लाख ५३ हजार |
| ५ | आन्तरीक आय | २३५५००००.०० | २ करोड ३५ लाख ५० हजार |
| ६ | गत सालको बाँकी मौज्दात | २५००००००.०० | २ करोड ५० लाख |
| ८ | मर्मत सम्भार कोष | ० | |
| | **जम्मा** | **५०४५१४०००.००** | **५० करोड ४५ लाख १४ हजार** |

**<u>व्यय तर्फ</u>**

| क्र.स. | व्यय शीर्षक | बजेट | कैफियत |
|---|---|---|---|
| १ | शसर्त अनुदान संघ | २००३०००००.०० | २० करोड ३ लाख |
| २ | शसर्त अनुदान प्रदेश | २२५६००००.०० | २ करोड २५ लाख ६० हजार |
| ३ | समपुरक अनुदान | ३७४९६००० | ३ करोड ७४ लाख ९६ हजार |
| ४ | चालु | ६३५८०००० | ६ करोड ३५ लाख ८० हजार |
| ५ | मेसिनरी औजार | १०००००० | १० लाख |
| ६ | फर्निचर तथा फिक्चर्स | १०००००० | १० लाख |
| ७ | न्यायिक समिति शाखा | १०००००० | १० लाख |
| ८ | शिक्षा शाखा | १६५००००० | १ करोड ६५ लाख |
| ९ | स्वास्थ्य शाखा | १६५००००० | १ करोड ६५ लाख |
| १० | महिला वालवालिका शाखा | १५००००० | १५ लाख |
| ११ | कृषि शाखा | ५०००००० | ५० लाख |
| १२ | पशुपंक्षी शाखा | ३०००००० | ३० लाख |
| १३ | पुर्वाधार शाखा | १०००००० | १० लाख |
| १४ | पालिका बाट वडा कार्यालयमा | ५७०००००० | ५ करोड ७० लाख |
| १५ | वडा कार्यालयहरुलाई रणनितिक योजना | ४५०००००० | ४ करोड ५० लाख |
| १६ | वडा कार्यालय भवन निर्माण ५ | ३०००००० | ३० लाख |
| १७ | वडा कार्यालय भवन निर्माण २ | १०००००० | १० लाख |
| १८ | विपत्त व्यवस्थापन कोष | ३०००००० | ३० लाख |
| १९ | प्रकोप व्यवस्थापन कोष | १५००००० | १५ लाख |
| २० | पालिका आँगन व्यवस्थापन | १५००००० | १५ लाख |

| | | | |
|---|---|---|---|
| २१ | पालिका स्तरीय योजना | २२०७८००० | २ करोड २० लाख ७८ हजार |
| | **जम्मा** | **५०४५१४०००.००** | **५० करोड ४५ लाख १४ हजार** |

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुर्याउनुहुने गाउँसभा प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, गाउँसभा सदस्यज्यू, विज्ञ महानुभाव, राजनीतिक दलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, निजि क्षेत्र एवं विकास सहयात्री लगायत सम्पूर्ण गाउँबासी दाजुभाई तथा दिदिवहिनी तथा अहोरात्र खटिने गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।यसै आय र क्षेत्रगत व्यय समेटिएको रातो पुस्तिका शिघ्र सार्वजनिक गरिने व्यहोरा यस सम्मनित गाउँसभा समक्ष जानकारी गराउछु ।

धन्यवाद्

दलमान थोकर (डि.एम. थोकर)
उपाध्यक्ष
तेमाल गाउँपालिका
मिति २०७९ आषाढ १५ गते बुधबार